


The Divine
Plan of the Ages
THE SECOND WORLD & THE THIRD WORLD !
STUDY # 5
2 Peter 3: 6
Gal. 1:4, 2 Peter 3:7
2 Peter 3: 13
Patriarchal Age
Jewish Age
Gospel Age
Messianic Age
Eden
THE GREAT TRUTHS OF
THE BIBLE
"Thy word is truth" ...John 17:17


THE GREAT TRUTHS OF THE BIBLE
STUDY : # 5
THE DIVINE PLANE OF THE AGES
THE SECOND WORLD & THE THIRD WORLD

# बाइबलका गहिरा सत्यताहरु
# पाठ–५
# युगहरुको दिब्य योजना – भाग २
# (दोश्रो र तेश्रो बिश्व)

***पुनश्च:कृपया यहाँ समावेश गरिएका सबै पदहरुको निम्ती आफ्नो बाइबललाई आधार बनाइ अध्ययन गर्नुहोला।यस पाठमा उल्लेखित प्राय बाइबलका पदहरु Authorized King James Version बाट उद्दत गरिएका छन्।***

आज हामी युगहरुको दिब्य योजनाको दोश्रो भाग–दोश्रो र तेश्रो बिश्व सम्बन्धी बृस्तितमा अध्ययन गर्नेछौ।B अक्षरले दोश्रो बिश्वको समय काललाई देखाउदँछ।




->यो दोश्रो बिश्व ठिक जलप्रलय भएको दिन देखी शुरु भयो।(उत्पत्ती ७:११)अनि त्यही दिनमा पहिलो बिश्वको अन्त्य भई दोश्रो बिश्व शुरु भयो।

->नोहा र उनको परिवारहरु जहाजभित्र १ बर्ष र १० दिनसम्म वा ३७५ दिनसम्म रहे। (उत्पत्ती ७:११ र ८: १४) लाई आधार मानि लिनुस)



->४० दिन र ४० रातको बर्षाको कारणले नै भारी बर्षाले बाढी गयो र सुक्खा हुन मात्रै कुल १ बर्ष र १० दिन लाग्यो।

->दोश्रो बिश्वको ३ वटा उपभागहरु छन जसलाई युगहरु भनिन्छ।

->पहिलो खण्डलाई "कुलपिताहरुको युग" भनिन्छ जती बेला पर्मेश्वरले ब्यक्ती बिशेषहरुसँग (जसलाई कुल पिता भनिन्छ) सम्पर्क गर्नुहुन्थ्यो।

->दोश्रो खण्डलाई "यहुदीहरुको युग" भनिन्छ जती बेला पर्मेश्वरले याकुबका १२ छोराहरुको परिवारहरु सँग (जोहरु पछी इस्राएलका सन्तानहरु भनि कहलाईयो) सम्पर्क गर्नुहुन्थ्यो।

->तेश्रो खण्डलाई "सुसमचारिय युग" भनिन्छ जतीबेला पर्मेश्वरले येशूका बिश्वासीहरु र चेलाहरुसँग सरोकार राख्नुहुन्छ।

अब, हामी बृस्तितमा अध्ययन गरौँ। जलप्रलयको अन्त्य पछी र जमिन सुक्खा भएपछी नोहा र उनको ७ जनाको परिवारहरु मात्र पहिलो बिश्वबाट बचाइए। (२ पत्रुस २:५)



यसर्थ,यिनै ८ जना ब्यक्तीहरु बाट दोश्रो बिश्व शुरु भयो।यसलाई हामी प्रष्टै उत्पत्ती ९:१८,१९ मा पढ्न पाउँछौ।

*"अनि नुहका छोराहरु,जो जहाजबाट निस्केर आए।शेम, हाम र एपेत थिए। अनि हाम चाँहीं कनानको बुवा हो। १९ यिनीहरु नुहाका तीन छोराहरु हुन्;अनि यिनिहरुकै बंश सारा पृथ्वी भरी फैलियो।"*

आजको आम मानबजाती तिनिहरुकै वंशहरु हुन।नोहाको छोराहरुको बर्णानुक्रम के हो त? यसलाई उत्पत्ती ५:३२ मा उल्लेख गरिएको छ।

*"अनि नुहा पाँच सय बर्षका भए;अनि नुहाले शेम,हाम्र र यपेतलाई जन्माए।"*

यही क्रम उत्पत्ती ९:१८ मा पनि उल्लेख गरिएको छ।के यो नै सही वंशावली हो त?आउनुहोस्, उत्पत्ती ९:२४ र १०:२१ मा यस सन्दर्भलाई हेरौ।

*"२४ जब नुह आफ्नो दाखमद्य बाट बिउंझे, र तिनको सानो छोराले तिनलाई के गरेको थियो,सो थाहा पाए।"*

*"२१ एबेरका सबै सन्तानहरुका पुर्खा,येपेतका जेठादाजु शेमका पनि छोराहरु जन्मे।"*

हो, *येपेत* सबैभन्दा ज्यैष्ट सुपुत्र थिए र *हाम* सबैभन्दा कान्छा।हेर्नुहोस त,हामी बाइबल अध्ययनमा कती चनाखो र होशियारी हुनुपर्दछ त।उत्पत्ती ५:३२ चाही अमिल्दो क्रममा छ।अब हामी नोहाको छोराहरुबाट बिभिन्न जातीहरु कसरी उत्पन्न भए भन्ने तथ्य हेर्नेछौ। (उत्पत्ती ९:१९)

## 'यपेत'




अब हामी *येपेत* बाट निस्केको वंशबारे अध्ययन गर्नेछौ जसै हामी उत्पत्ती ९:२७ लाई पढौ।

*"परमेश्वरले येपेत लाईबढाइ दिउन! अनि उसले शेमका पालहरुमा वास गरोस; अनि कनान उसको दास होस्!"*

यो वचनको अगमवाणीले शासन र अधिकार जमाउने जातीहरुको कुलहरुलाई चित्रण गर्दछ।यिनिहरु को हुन त?यिनिहरु गोरा छाला भएका जातीहरु हुन्- ककसियन जाती।तसर्थ,*येपेत* गोरा जातीहरुका पिता भए जोहरु पहिले युरोपमा बसोबास गरे र त्यसपछी उत्तर र दक्षिण अमेरिका तिर पनि फिजिए।पृथ्वीका धेरै राजाहरु यही जातीहरुबाट हुँदै आएका छन र आजका ब्यापार, राजनिति,खेलकुद,आदी क्षेत्रका अगुवा,नायकहरु पनि यिनिहरु मध्यका नै हुन।

## शेम



अब,शेमबाट निस्केको वंशबारे अध्ययन गरौ जसै हामी उत्पत्ती ९:२६ लाई पढौ।

*"अनि तिनले भने:"शेमका परमप्रभु धन्यका हुन, र कनान उसको दास होस्।"*

शेमका परमप्रभु परमेश्वर को हुन त?यस वाक्यांशले पर्मेश्वरलाई इन्कित गर्दछ जो अदनको बगैंचामा आदमसँग हिडडुल गर्नुहुन्थ्यो र सयौ बर्षहरु पछीको बेथलेहममा येशूको रूपमा जन्मनुभयो।यो,येशूको सासांरिक अस्तित्व शेमको वंशावलीबाट थियो।शेमको वंशले एसियनहरुलाई चित्रण गर्दछ,धेरैजसो मङोलियन प्रजातीका–जस्तै चीन,जापान,कोरिया,थाइलाण्ड,मलेशिया,बर्मा (म्यान्मार),इन्डोनेशिया,सिङापूर,फिल्लिप्पिन्स

आदि।यिनिहरु प्रकृतीले नै धार्मिक र शान्तमय हुन्छन्,जोहरुले पर्मेश्वरलाई खोज्दछन कल्पना गर्नुहोस त,यदी भारतियहरु एपेत वंशावलिका हुने भए र तिनिहरुसँग अधिकार गर्ने आत्मा भईदिएको भए।तसर्थ,सबै धर्महरु एसियामा नै उत्पन्न भए।उदाहरणहरु:यहुदि,बुद्दिष्ट,हिन्दू,जैन, ख्रीष्टियान,शिन्टोइसम,तावोइसम,कन्फुसियनिजम (चीन),इस्लाम,आदि।तर,भारत राष्ट्रको हकमा जो एसियाभित्र नै पर्दछ,यसको बारेमा हामी पछी हेर्नेछौ कि भारतियहरु शुद्द शेम वंशावलीका होईनन।

## 'हाम'

नोहाको कान्छो छोरा हामको बिषयमा हामी केहि अनौठो देख्दछौ जसै हामी उत्पत्ती ९:२०,२१ मा पढ्न पाउछौ।

*"अनि नुहा खेतिगर्ने किसान हुनथाले; अनि तिनले एउटा दाखबारी लगाए।२१ अनि तिनले दाखमधबाट पिए, र मत्त भए; अनि आफ्नो पालभित्र तिनले आफुलाई नग्न तुल्याए।"*



नोहालाई के भएको थियो त?के उनि जडिया थिए त?आउनुहोस, हेरौ।

नोहा दाखबारी लगाउने किसान थिए,अङ्गुर खेती गर्ने किसान।उनले पहिलो बिश्वमा पनि दाखबारी लगाएका थिए र दोश्रो बिश्वमा प्रबेश गरे पछी पनि उनले त्यही गरे।उनले अङ्गुरहरुको कटनी गरे, तीनलाई थिचेर पिउन शुरु गरे जसै उनले पहिलो बिश्वको समयहरुमा गरेका थिए।केबल दोश्रो बिश्वमा एउटा ठुलो भिन्नता थियो।भारी बर्षा र जलप्रलयका कारण वातावरण नै परिवर्तन भयो।हामिले उत्पत्ती ७:११ मा देख्छौ कि कसरी ति पानीका अगाध तहहरु जेले पृथ्वीको पुरै परिधिलाई घेरेको थियो,त्यो फुट्यो।

*"नुहको जीबनको छ सयौ बर्षको दोस्रो महिनामा,त्यस महिनाको सत्रौं दिन-त्यहिदिनमा अती गहिरो सागरका सबै मुलहरु फुटे,साथै आकाशका झ्यालहरु खुले।"*

तसर्थ ठण्डा र शितल मौसम एक्कासी अत्यधिक चिसो र तातोमा मौसममा परिवर्तन भयो।घामको किरण सोझै पृथ्वीको सतहमा पर्‍यो,जेले अङ्गुर भण्डार भएको ठाउँमा किण्वन प्रक्रिया भई दाखरस मादक पदार्थ भयो।यसको बारेमा नोहालाई केहि थाहा थिएन र ज्ञान नै थिएन।



तसर्थ,अजानमै नोहा मात्तिए।रक्सीले मस्तिष्कको मुख्य/प्रमुख भागलाई (मेडुल्ला)असर पुर्याउँदछ,जसको कारण मानिसको हात खुट्टाहरु अनियन्त्रित र असमान्जस्यता हुन्छ,अनि जँडियाको हिडाई हुँदछ।तसर्थ, जब नोहाले सबैभन्दा पहिलो पटक मात्तिएको अनुभव गरे तब उनले पालमा लुगा फेर्ने कोशीस गर्दा असमर्थ भएर आधा नाङ्गै मस्त निद्रामा परे।अनि के भयो त?आउनुहोस्, उत्पत्ती ९:२२ लाई पढ्औ।

*"अनि कनानका बाबु हामले आफ्ना बाबुको नग्नता देख्यो र बहिर आफ्ना दुई दाजुभाईलाई बोलायो।*



हो,हामले जब उस्को बुवाको नग्नता देखे र यो कुरा आफ्ना जेठा दाजुहरुलाई बताईदिए तब ति दाजुहरु पछील्तिर सर्दै-सर्दै लुगा लिई आफ्नो बुवाको नग्नतालाई ढाकिदिए (पद २३)।अनि,उत्पत्ती ९:२४,२५ मा हामीले अर्को बिहानी जब नोहा निद्राबाट ब्युँझिए तब के भयो भन्ने कुरा पढ्दछौ।

*"२४ जबनूह आफ्नो मद्यनिद्रा बाट बिउँझिए, र उसको कान्छो छोरोले तिनलाई के गरेको थियो, सो थाहा पाए; २५ तब तिनलेभने, "कनान श्रापित होस्;त्यो आफ्ना दाजुभाईहरुका निम्ती दासहरुको दास होस्!"*

नोहाले कनानलाई सराप दिए त जब त्यो सरापको भागिदार स्वयम हामनै थिए?के नोहाले जन्मदै नजन्मेको कनान,जो निर्दोष थिए,उनलाई *सराप* दिएको अन्याय भएन र?यहाँ बास्तबमै के भयो त? पक्कै पनि नोहा त्यती अधर्मी र अन्यायी थिएनन।नजन्मिएका कनानलाई सराप्न पुगेका नोहा त्यती साह्रो रिसाउन केले बाध्य गरायो त?हामीले याद गर्नुपर्छ कि ***हाम*** पहिलो बिश्वबाट आएका थिए। अनि प्रथम बिश्वको बारे हामी के पढ्छौ त? आउनुहोस, उत्पत्ती ६:५ लाई पढौ।

*"५ अनि परमप्रभुले पृथ्वीमा मानिसको दुष्टता ज्यादा भएको र त्यसको ह्रीदयका बिचारहरुको हरेक कल्पना निरन्तर खराब मात्र भएको देख्नुभयो।"*

हो, यही बिश्व ***हाम*** आफैले देखेर,भोगेर र जिएर आएका थिए।अनि,त्यहाँ के दुष्ट कार्य गरिन्थ्यो त? यसको बारेमा हामी रोमी १:२७ मा पढ्न पाउछौ।

*"२७ अनि त्यही प्रकारले पुरुषहरुले पनि स्त्रीहरुसितको स्वाभाविक ब्यवहार त्यागेर पुरुषहरुले पुरुषहरुसितै शर्मलाग्दो काम गर्दै एक-अर्काप्रती आफ्नो कामुकताले जले र आफ्नो भ्रष्ट चालको उचित दण्ड आफैँमा ल्याए।"*

हो, त्यो जघन्य दुष्टता चाही समलैंगिकता थियो।यो सदोम र गमोराले गरेको पाप थियो।( उत्पत्ती १९: ४,५ लाई आधार बनाउनुहोस)।वचनहरुमा प्रष्टै नलेखिए पनि हामी यो सन्दर्भ र बिषयलाई वचन कै तथ्य र प्रमाणहरुबाट अनुमान लगाउन सक्छौ।

१) उत्पत्ती ९:२४:

*"जब नूह आफ्नो मद्यनिद्राबाटबिउँझिए, र उसको कान्छो छोरोले तिनलाई के गरेको थियो, सो थाहा पाए।"*

२) उत्पत्ती ९:२२

*"अनि कनानका बाबु हामले आफ्ना बाबुको नग्नता देख्यो र बहिर आफ्ना दुई दाजुभाईलाई बोलायो।"*

३) उत्पत्ती १०: १९

*"अनि कनानीहरुको सिमाना सिडोनबाट गरारपट्टी गाजासम्म थियो; सदोमगमोरा, अद्मा र सबोयिमपट्टी लाशासम्म थियो।"*



तसर्थ,हामी यो सुझाब राख्छौ कि *हामले* आफ्नो बुवामाथी अभद्र गरे जेको कारणले गर्दा नोहालाई यति साह्रो क्रोधित तुल्यायो कि उनले हामको समस्त वंशावली, जुन उसको छोरा कनान देखी शुरु हुन्थ्यो ति सबैलाई समग्रमा सराप दिए।कनान नै त्यो श्रापित मानब जातीको पहिलो ब्यक्ती थिए,जोहरु अफ्रिकनहरु थिए।




यिनिहरुलाई नेग्रो भनिन्छ र यिनिहरु नेग्रोइड जातीका हुन।त्यो कारणले उनिहरुको भौतिक/शारिरिक बनावटमा पनि कठोर असर पार्यो जेको कारणले तिनिहरु अरु मानबजातीहरुमा अधिक भिन्न थिए।हो, तिनिहरुको बिशेषताहरुमा छालाको रङ,कपाल,आदी पक्षहरुमा अधिक भिन्नता।

**प्रिय अफ्रिकन मुलका पाठकहरु:**

हाम्रो अभिप्राय अफ्रिकन मुलका कुनै पनि ब्यक्ती बिशेषको आस्थामाथी चोट पुर्याउने होइन तर अफ्रिकन जातीहरु कसरी अस्तित्वमा आए र तिनिहरुको पृष्ठभुमीलाई बाइबलबाट प्रकाशित पार्न खोजिएको हो।कनान र उनका छोराहरु नेग्रो जातीकै थिए भन्ने चिनारी र प्रमाण उत्पत्ती ९:२५ मा पनि पक्का गरिएको छ।

*"तब तिनले भने, "कनान श्रापित होस्;त्यो आफ्ना दाजुभाईहरुका निम्ती दासहरुको दास होस्!"*

हो, नेग्रोहरुको यो बिशेषता उनिहरु माथीको दासत्वको इतिहासबाट पनि प्रष्ट हुन्छ।सन् १८७० ताका सम्म तिनिहरुलाई सबै राष्ट्रहरुले किनबेच गर्दथे जबसम्म डेभिड लिभिङस्टोन र अमेरिकी राष्ट्रपतीको अनबरत प्रयासबाट अन्त्यमा तिनिहरु दासत्वको बन्धनबाट मुक्त गराइए।



->अब अन्तिममा 'दासहरुको पनि दास' बाक्यांशले के सन्केत गर्दछ त?के यपेत र शेमका वंशहरु पनि कमाराहरु वा दासहरु थिए?हो,तिनि पनि थिए।कसरी भन्नेकुरा हामी रोमी ६:१६ मा पढ्न पाउछौ।

*" के तिमीहरुलाई थाहा छैन? जसको वशमा आज्ञापालन गर्नका निम्ती तिमीहरुले आफुलऐ दासभै सुम्पिदिन्छौ, तिमीहरु उसैका दास हौ, जसको आयआज्ञापालन तिमीहरु गर्दछौ;की ता म्रीत्युका निम्ती पापका दास, कि ता धार्मिकताकानिम्ती आज्ञापालनका दास।"*

हो, पुरै बिश्वनै पापको कमाराहरु हो।र कनान पनि पापको कमाराहरुको कमारा भयो।अब भारत राष्ट्रको बारेमा हेरौ।तिनिहरु शुद्द वंशावलीका हुन त?यसको उत्तर तिनिहरुको इतिहासमा पाउन सक्छौ।

१)पुर्विय युरोपबाट आएका आर्यनजातिहरु जोहरु उत्तरी भारतमा बसोबास गरे,तिनिहरु प्राय यपेत वंशका थिए।अफ्रिकाबाट आएका ड्रेभिडियनजातिहरु थिए र दक्षिण भारतमा आई बसोबास गर्न थाले,तिनिहरु प्राय हाम र कनानका वंशका थिए।अनि,नागाल्याण्ड,मिजोराम,अरुणान्चल प्रदेश आदी ठाउँहरुमा शेम कुलकाहरु छन।यि सबै बिभिन्न ब्यक्तीहरु मिसिए।तसर्थ,आजकाल दक्षिण भारतमा सफेद छाला,घुमौरो कपाल,ठुलो फुलेको नाक र ओठ भएका ब्यक्तीहरु भेट्टाइन्छ र भारतियहरुको मानसिकता पनि अधिक मिसावट पाइन्छ।तिनिहरु न ता पुरै अधीन गर्न सकिने खालका हुन्छन न ता शासन/अगुवाई नै गर्न सक्ने हुन्छन,यसका साथै धार्मिक रितिरिवाजहरु पनि कट्टरपन्थी पदहरुमा हुन्छन।

- >भारत साच्चै पुरै बिश्वमा एकदमै बिशेष राष्ट्र हो।नोट गर्नुहोस्,भारतलाई बाइबलमा यशैया २:६-८ (पुरै पढ्नुहोस) मा सन्केत गरिएको छ।

*"किनभने तपाईंले आफ्नो प्रजा याकुबको घरानालाई त्याग्नुभएकोछ; किनकी तिनिहरु पुर्व को कुराले भरिएकाछन, पलिस्तिहरुझैं जोखाना हेर्नेहरु भएका हुन्छन र परदेशिहरुका छोराछोरिहरुसँग थपडी मार्छन।७ अनि तिनिहरुको देश चांदी र सुनले भरिएको छ, नता तिनिहरुका धनसम्पत्तिको अन्त नै छ; अनि तिनिहरुको देश घोडाहरुले भरिएको छ,नता तिनिहरुका रथहरुको अन्तनै छ। ८ अनि तिनिहरुको देश मुर्तिहरुले भरिएको छ; तिनिहरु आफ्नै हातको कामलाई दण्दवत् गर्छन्, जुन काम तिनिहरुकै औँलाहरुले बनाएका हुन।"*

हो,भारत राष्ट्रको प्रष्ट बिबरण।बिश्वको कुन राष्ट्रमा भारतको भन्दा बढी मुर्तीहरु छ होला त?तसर्थ, हामी देख्छौ कि सन्सारकै बिभिन्नजातीहरु नोहाका ३ छोराहरु - शेम, हाम र यपेतको वंशका र कुल बाट बिकसित भएका हुन।अब, हामी दोश्रो बिश्वको ३ वटा युगहरुको उप बिभाजनहरु लाई अध्ययन गरौ।

१) कुलपिताहरुको युग: यो जलप्रलय पछी याकुबको मृत्युसम्मको समयाबढी हो जुन समयहरुमा पर्मेश्वरले ब्यक्ती बिशेषसँग करार बांधी समबन्ध राख्नु भयो।->यिनिहरु महान ब्यक्तिहरु थिए र यिनिहरुलाई बुवाहरु वा कुलपिताहरु भनिन्थ्यो।




->यि कुलपिताहरु मध्य सबैभन्दा पहिलो चाही नोहा थिए, त्यसपछि अब्राहाम,अनि इसहाक र अन्तिममा याकुब।

->पर्मेश्वरले जलप्रलय पछी सबै भन्दा पहिला नोहासँग करार बाध्नुभयो। (उत्पत्ती ९:९-११) त्यस्को धेरै बर्ष पछी पर्मेश्वरले अब्राम (जसको नाउ पछी अब्राहाममा परिवर्तन भयो) सँग सम्झौता गर्नुभयो।अब्राहामले पर्मेश्वरको आज्ञालाई शिरोपर गर्दै आफ्नो एकमात्र प्यारो छोरा इसहाक लाई बलि दिन तयार भएकाले उनि बिश्वासको पिता भए। (उत्पत्ती २२:१-३)

उनि आदम देखी २० औं र नोहा देखी १० औं सन्तती थिए।पर्मेश्वरले अब्राहामलाई बोलावट दिदा उनि कती बर्षका थिए त ? के उनि सत्य पर्मेश्वरका पुजाहारी थिए त ? यसको उत्तर हामी यहोशु २४: २ मा पढ्न पाउछौ।

*"**अनि यहोशुले सबै मानिसहरुलाई भने**: परमप्रभु इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ:**उहिले तिमीहरुका पितापुर्खाहरु अर्थात अब्राहमका बुवा र नाहोरका बुवा तेरह महानदिपारी बस्थे; अनि उनिहरुले अरु देवताहरु पुज्थे।**"*

हो,अब्राहाम मुर्ति पुजकहरुको पृष्ठभुमिमा हुर्किएका थिए।पर्मेश्वरले उनलाई आफ्नो ईष्टमित्र र देश छोडी धेरै टाढाको जग्गामा जान परेश्वरले भन्नु भयो जुन पर्मेश्वरले नै देखाउन जादै हुनुहुन्थ्यो।



पर्मेश्वरले अब्राहामलाई यदी उहाले भन्नुभएको आज्ञापालन गरेमा ठुलो आशिष दिने प्रतिज्ञा गर्नुभयो जसै हामी उत्पत्ती १२:१-३ सम्म पढ्न पाउछौ।



*"अनि परमप्रभुले अब्राहमलाई भन्नुभयो:आफ्नो देश, आफ्नो कुटुम्ब, र आफ्न बाबुको घरअबाट निस्केर त्यस देशमा जाउ, जो म तिमीलाई देखाउनेछु! २ अनि म तिमीबाट एउटा ठुलो जाती बनाउनेछु, तिमीलाई आशिष दिनेछु र तिम्रो नाम महान तुल्याउनेछु; अनि तिमी आशिष बन्नेछौ। ३ अनि जसले तिमीलाई आशिष दिनेछन, तिनिहरुलाई म आशिष दिनेछु; अनि जसले तिमीलाई श्राप दिनेछ,त्यसलाई म श्राप दिनेछु। अनि तिमीमा पृथ्वीका सबै कुराहरुले आशिष पाउने छन।"*

हामीले अब्राहामको जिबनीबाट थुप्रै बिबरणहरु आउदो पाठहरुमा अध्ययन गर्नेछौ।अब्राहाम पछी पर्मेश्वरले उसको छोरा इसहाक र त्यसपछी इसहाकको पुत्र याकुब (जो पछि गएर इस्राएलको १२ कुलका पिता भए) सँग सम्झौता गर्नुभयो।यिनिहरु ४ कुलपिताहरु हुन जसको बिशाल बिबरणहरु बाइबलको पहिलो किताब उत्पत्तीमा उल्लेख गरिएको छ।

**२) यहुदी युग**: याकुबको मृत्यु पश्चात जो अन्तिम कुलपिता थिए,त्यो कालखण्ड नै यहुदी युग थियो।त्यस समयहरुमा पर्मेश्वरले ब्यक्ती बिशेष भन्दा पनि याकुबका १२ छोराका सन्तानहरु सँग सम्झौता गर्न थाल्नुभयो।यि १२ छोराका सन्तान लाई नै इस्राएल राष्ट्र भनियो।अनि यिनिहरुको बिषयमा हामी के पढ्छौ त?आउनुहोस,आमोस ३:२ लाई पढौ।

*"पृथ्वीका सबै घरानाहरुमध्ये केवल तिमीहरुलाई नै मैले जानेको छु;यसकारण म तिमीहरुलाई तिमीहरुका सबै अधर्महरुको दण्ड दिनेछु।"*

हो, यहाँ पर्मेश्वरले इस्राएल राष्ट्रलाई मेरो प्रजाहरु भनेर चुन्नु र चिनाउनु भएको छ। (प्रस्थान ३:१०)

यो युगले वा कालखण्डले १८०० बर्ष लामो अबधिको पर्मेश्वरले इस्राएल राष्ट्र प्रती गर्नु भएको ब्यबहार र तिनिहरुको धेरै अनुभबहरु समेट्दछ।यो समयहरुमा इस्राएलीहरु मिश्रदेशमा कमाराहरु थिए र पर्मेश्वरले तिनिहरुलाई मोशाको नेतृत्व र अगुवाईमा फारोको पासोबाट छुटकारा दिनुभयो जे को पुरा बिबरण प्रस्थानको पुस्तकमा उल्लेख गरिएको छ।त्यसपछी , पर्मेश्वरले इस्राएलीहरु लाई प्रतिज्ञा गरिएको शहर कनानमा लिएर आउनुभयो र उहाले तिनिहरुलाई थुप्रै अगमवक्ताहरुद्वारा हुर्काई डोर्याउनु भयो र तिनिहरुले पर्मेश्वरको बचनहरु किताबमा लेखे , जुन किताबहरु लाई अगमवक्ताको किताबहरु भनिन्छ , जुन यशैया देखी शुरु भएर पुरानो करारको अन्तिम पुस्तक मलाकी सम्म छ।

यहुदी युगमा पर्मेश्वरले मोशाद्वारा आफ्नो दिब्य कानुनहरु इस्राएल लाई दिनु भयो। (प्रस्थान २४:१२) यि कानुनहरुले १० वटा महान आज्ञाहरु र तकरिबन ३६०० दैनिक जिबनसँग सम्बन्धित विधी

बिधानहरु,जस्तै चर्पि समबन्धी नियमहरु (ब्यबस्था २३:१२,१३) आदी इत्यादी समेट्दछ।यि कानुनहरुको धेरै बिबरणहरु सहित लेबी र ब्यबस्थाको किताबहरुमा छन।



->अन्त्यमा इस्राएलमा नै नियमहरु पुरा गरी पर्मेश्वरको पुत्र येशु जन्मनुभयो। गलाती ४:४

*"तर जब समय पुराभयो, तब परमेश्वरले आफ्ना पुत्रलाई पठाउनुभयो,जो स्त्रिद्वारा जन्मनुभयो, ब्यबस्थाको अधिनमा जन्मिनुभयो।"*

->यहुदीहरुको लागी कति अगम र महान आशिष।तर,हामी देख्छौ कि,यहुदीहरुले येशु पर्मेश्वरको पुत्र हुनुहुन्छ भनेर पहिचान गर्न सकेनन र उहालाई इन्कार गरे।तसर्थ नै येशुको निम्न वाक्यहरुबाट नै यहुदी युगको अन्त्य भयो।



मत्ती २३:३८

*"हेर, तिमीहरुको घर तिमीहरुका निम्ती उजाड छोडिन्छ।"*

हो, यहुदी युगमा पर्मेश्वरको आशिषको घर पछी गएर उजाड हुन पुगयो।अनि, हामी दोश्रो बिश्वको अन्तिम युगमा आऔ।

३ .सुसमचारिय युग: यो दोश्रो बिश्वको कालखण्ड भरी तेश्रो र अन्तिम युग हो। (चित्रमा हेर्नुहोस) यसलाई सुमाचारिय युग वा खृष्टियान युग भनिन्छ।यो सुमाचार हामी रोमी १६:२५-२६ मा पढ्नसक्छौ।

*"अब उहाँलाई नै,जोचाहिँ मेरो सुमाचार र येशूख्रीष्ट  को प्रचार अनुसार तिमीहरुलाई स्थिर पार्नलाई सामर्थी हुनुहुन्छ, त्यस रहस्यको प्रकाश अनुसार, जुन प्रकाश संसारको उत्पतिदेखी गुप्ता राखिएको थियो,२६ तर अहिले प्रकट भएको छ र अनन्तका पर्मेस्वरको आज्ञाअनुसारअको अगमवक्ताहरुका पवित्रशास्त्रहरुद्वारा विश्वासप्रती आज्ञाकारी बनाउने उदेश्यले सबै जातिहरुलाई बताइएकोछ।"*

हो, यही सुसमाचारिय वा खृष्टियान युगमा नै पर्मेश्वरको सुसमाचार वा येशु ख्रीष्टको प्रचार गरिन्छ र रहस्य प्रकाश हुदछ।त्यो रहस्य के हो त ? यसको उत्तर हामी एफिसि ३:५-६ मा पढ्न पाउछौ।

*"जुन रहस्य चाहिँ अरु पुस्ताहरुमा मानिसका सन्तानअहरुलाई बताइएको थिएन, जसरी यो अहिले आत्माद्वारा उहाँका पवित्र प्रेरितहरु र अगमवक्ताहरुकहाँ प्रकट गरिएकोछ:६ अर्थात सुसमाचारद्वारा ख्रीष्टमाआन्यजातिहरु, एउटै शरीरको साझेदार र उहाँको प्रतिज्ञाका साझा-भागीदारहरु हुनुपर्छ।"*

रहस्य यही येशु ख्रीष्टको एउटा शरिरको छनौट (एफिसि ४:४),जुन दुबै यहुदी र अन्यजाती बाट छानिन्छन।यो ख्रीष्टको मन्डली हो (मत्ती १६:१८) ।हामिले आउदो पाठहरुमा मण्डलीको बृस्तित बिबरण पढ्नेछौ।



अन्त्यमा, सुसमाचारिय युगको अन्त्यसँगै दोश्रो बिश्व पनि अन्त्य हुँदछ।अनी हामी बिश्वको अन्त्य बारे के पढ्दछौ त ? यस सन्दर्भ लाई २ पत्रुस ३:७ र १० बाट हेरौ।

*"तर त्यही वचनद्वारा अहिलेका आकाशहरु र पृथ्वीचाहिँ जोगिएर न्यायको दिन र भक्तिहिन मनिसहरु को विनाशका लागो आगोका निम्ती साँचेर राखिएका छन।"*

*"१० तर प्रभुको दिनचाहिं राति चोर आएझैं आउनेछ, जुन दिनमा आकाशहरु ठुलो शब्द गरेर बितिजानेछन, प्रचन्डतापले गर्दा तत्वहरु पग्लनेछन, अनि पृथ्वी र त्यसमा भएका कामहरु सकिएर जानेछन।"*

यहाँ प्रेरित पत्रुसले अहिलेको दोश्रो बिश्वको बिनाश समबन्धी लेखेका छन, जुन आगोद्वारा नष्ट हुनेछ।यसको अर्थ के हो त ? पहिलो बिश्वमा जलप्रलयको पानी जस्तै यो पनि साधारण आगो नै होत ? यस बचनमा प्रयोग भएको भाषाको रूप लाई राम्ररी ख्याल गरी हेरौ । २ पत्रुस ३:१०

*"तर प्रभुको दिनचाहिं राति चोर आएझैं आउनेछ, जुन दिनमा आकाशहरु ठुलो शब्द गरेर बितिजानेछन, प्रचन्डतापले गर्दा तत्वहरु पग्लनेछन, अनि पृथ्वी र त्यसमा भएका कामहरु सकिएर जानेछन।"*

यि तत्वहरु के हुन त ? यिनिहरु पृथ्वीका दुष्ट कामहरु हुन जस्तै झुट,भ्रष्टाचार,चोरी,डकैती, छलकपट,स्वार्थपना आदी।यि कामहरु कसरी साधारण आगोले जल्न सक्छन त?तिनिहरु ज्वलनशील हुँदैनन।तसर्थ,दोश्रो बिश्वलाई आगोले जलाउनुको अर्थ साकेंतिक छ।यो आगोको चिन्हले के अर्थ दिँदछ त ?आउनुहोस, यसको उत्तर सपन्याह ३:८ मा पढौ।

*"यसकारण जुन दिन मा म शिकार गर्न उठ्नेछु, त्यसदिन सम्म तिमीहरुले मलाई पर्खिबस, परमप्रभु भन्नुहुन्छ; किनभने तिनिहरु माथि मेरो क्रोध, अ, मेरो सारा बल्दो रिस खन्याउन भनी राज्य-राज्यलाई भेला गर्ने मेरो निर्णय हो; किनकी मेरो जलनको आगोले सम्पूर्ण पृथ्वी भस्म हुनेछ।"*

हो, यहाँ आगोले दुष्ट प्रणालीहरुले जेले पृथ्वी बनेको छ,त्यसप्रति पर्मेश्वरको रिस, डाह र न्यायलाई इङ्गित गर्दछ जे को कारणले ति सबै दुष्टप्रणालीहरु सर्वनाश हुनेछन जसै हामी यशैया २४:३ मा पढ्न पाउछौ। जब, पृथ्वीका मनिसहरुले दुष्टाई मा पनि गहिरो पाठहरु सिक्नेछन जसै हामी यशैया २६:९ मा पढ्न पाउछौ।





*"रातको समयमा आफ्नो मनले मैंले तपाईंको चाहना गरेकोछु; अँ, एकाबीहानै म भित्र भएको मेरो आत्माले म तपाईंको खोजी गर्नेछु; किनकी जब तपाईंका न्यायहरु पृथ्वीमा प्रकट हुंछन्, तब संसारका बासिन्दाहरुले धार्मिकता सिक्नेछन।"*

हो,पृथ्वी बाट यि दुष्ट प्रणालीहरुको सर्बनाशलाई हामी २ पत्रुस ३:१० मा पनि पढ्न पाउछौ।

*"तर प्रभुको दिनचाहिं राति चोर आएझैं आउनेछ,जुन दिनमा आकाशहरु ठुलो शब्द गरेर बितिजानेछन,प्रचण्ड तापले गर्दा तत्वहरु पग्लनेछन,अनि पृथ्वी र त्यसमा भएका कामहरु सकिएर जानेछन।'*

हो, यहाँ तत्वहरुले पृथ्वीका भागहरु वा देखिने मानबिय शासन (राजनितिक, आर्थीक, धार्मिक, सामाजिक) लाई जनाउदछ।तिनिहरु सबै नष्ट (पग्लिनेछन) हुनेछन र अस्तित्वमा हुने छैनन जसै मैनबत्ती पग्लन्छ र हराउँदछ।




यो आगोलाई येशुले मत्ती २४:२१,२२ मा महासकंष्ट (KJV) भन्नुभएको छ।

*"किनभने त्यस बेला यस्तो महासन्कष्ट हुनेछ, जस्तो सन्कष्ट पृथ्वीको शुरुदेखी अहिलेसम्म भएकोथिएन, न ता फेरी कहिलै हुनेछ। २२ अनि ति दिनहरु नघटाइएका भए कुनै प्राणी बांच्ने थिएन; तर चुनिएकाहरुका निम्ती ति दिनहरु घटाइनेछ।"*

तसर्थ, प्रणाली माथीको महान न्याय र तिनिहरुको सर्बनाशलाई आगोले सकेंत गरिएको छ र जोहरु बाच्नेछन, ति धेरै मानिसहरुले दोश्रो बिश्वको सर्बनाशलाई देख्नेछन जसै हामी जकरिया १४:१६ मा पढ्न पाउछौ।


*"अनि यस्तो हुनेछ: यरुशलेमको बिरोधमा आइलाग्ने ति सबै जातिहरुबाट बाँकी रहेको हरेक मानिस प्रतिबर्ष सेनाहरुका परमप्रभु राजालाई दण्डवत् गर्न र झुपडीहरुको चाड मनाउन माथि जानेछ।"*

हो,अनि यो दोश्रो बिश्वको अन्त्यले महिमित तेश्रो बिश्वमा डोर्याउदछ-*"तरै पनि हामी उहाँको प्रतिज्ञा अनुसार नयाँ आकाशहरु र नयाँ पृथ्वीको बाटो हेर्दछौं,जाहाँ धार्मिकताले बास गर्छ।"* *(२ पत्रुस ३:१३ )*

->न्युनतम मानिसहरुलाई मात्रै यो महिमित बिश्वको (जुन यसै पृथ्वीमा हुनेछ) बारेमा जानकारी छ।यसको बारेमा थोरै अध्ययन गरौ।




तेश्रो बिश्व यस चित्रमा ' C ' अक्षरले तेश्रो बिश्वको कालखण्डलाई देखाउदछ।




यसको बारे हामिले २ पत्रुस ३:१३ मा पढ्न पाउछौ।

*"तरै पनि हामी उहाँको प्रतिज्ञा अनुसार नयाँ आकाशहरु र नयाँ पृथ्वीको बाटो हेर्दछौं, जहाँ धार्मिकताले बास गर्छ।"*

यो बचनमा हामिले त्यो आउदो तेश्रो बिश्वको बारेमा पढ्छौ,त्यो बिश्व जहाँ धार्मिकताले बास गर्दछ।अनि हामी फेरी पढ्छौ कि त्यहाँ नयाँ स्वर्ग र नयाँ पृथ्वी हुनेछ।यसको अर्थ के हो त?

->स्वर्ग – नयाँ आत्मिक शासन वा अधिकार जेले पृथ्वीका मामिलाहरु नियन्त्रण गर्दछ।

->पृथ्वी – नयाँ देखिने मानबिय शासन वा अधिकार जे ले पृथ्वीका मामिलाहरु नियन्त्रण गर्दछ।

यि दुई वटा पाटाहरु धार्मिकताको रूपमा हुनुपर्दछ जसै पहिलो र दोश्रो बिश्वहरुमा थिएन।यो तेश्रो बिश्वलाई केले वा कसले नियन्त्रण गर्दछ त?यस्को उत्तर हामी प्रकाश २०:४ र ६ मा पढ्न पाउछौ।"

*"४ अनि मैंले सिँहासनहरु देखें;अनि उनिहरु तिमाथि बसे, र न्याय उनिहरुलाई दिइयो। अनि मैंले तिनिहरुको प्राणहरु देखें, जसका शिर येशूको गवाही र परमेश्वरको वचनको कारणले काटिएकाथिए र जसले न ता त्यस पशुलाई, न ता त्यसको मुर्तिलाई पूजा गरेकाथिए, न ता आफ्ना निधारमा वा आफ्ना हातमा त्यसको निशान लिएका थिए; अनि तिनिहरु जीवित भए,र तिनिहरुले अनि ख्रीष्टसँग हजार बर्षसम्म राज्य गरे।"*

*"६ यस बौरिउठाइमा जसको भाग हुन्छ, ऊ धन्य र पवित्रहो; यस्ताहरुमाथि दोस्रो मृत्युको कुनै अधिकार छैन, तर तिनिहरु परमेश्वरका र ख्रीष्टका पूजाहरिहरुहुने छन,र तिनिहरुले उहाँसित हजार बर्षसम्म राज्य गर्नेछन।"*



हो, हाम्रो प्रभु येशूख्रीष्ट उहाको शरिर सँगइ (मण्डली) यस पृथ्वीमा १००० बर्ष सम्म राज्य गर्ने छन। यो मत्ती ६:१० मा उल्लेख भए अनुसार धेरै प्राथना गरिएको बिषयको पुर्णता हुनेछ।

*"तपाईंको राज्य आवोस् ! तपाईंको इच्छा स्वर्गमाझैं यस पृथ्वीमा पनि पूराहोस्।"*

यो अहिले पनि तिनिहरु जो येशूको पदचिन्हमा बिश्वासयोग्य भएर हिड्दछन, तिनिहरुलाई दिईएको प्रतिज्ञाको पुर्णता पनि हो।जसै हामी २ तिमोथी २:१२ मा पढ्न पाउछौ।

*"हामीले दुःख भोग्यौ भने हामीले पनि उहाँ सँगै राज्य गर्नेछौं।हामीले उहाँलाई इन्कार गर्यौं भने उहाँले हामीलाई पनि इन्कार गर्नुहुनेछ।"*



हो,त्यो राज्याधिकार तेश्रो बिश्वमा ख्रीष्टसँग हजार बर्षसम्म हुनेछ।यसको गहिरो बिबरणहरु हामी आउदो पाठहरुमा अध्ययन गर्नेछौ।यो तेश्रो बिश्वको शुरुवात चाही दोश्रो बिश्वको अन्त्यसँगै गाभिएको छ।यस्तो बृस्तित जानकारी र कारण पनि हामी आउदो पाठहरुमा हेर्नेछौ।तसर्थ,त्यो आगो जेले दोश्रो बिश्वलाई भष्म गर्दछ,त्यसले तेश्रो बिश्व पनि शुरुवात गर्दछ।हामीले हेरिसक्यौ कि यो

साधारण आगो नभई साकेंतिकआगो हो जेले तत्कालको दुष्ट प्रणाली र नियमहरु सबै पूर्णरूपले सर्बनाश गर्दछ जसै हामी १ कोरिन्थी ७:३१ मा पनि पढ्न पाउछौ।

*"अनि यस संसारसँग व्यवहार राख्नेहरु पनि व्यवहार नराख्नेहरुजस्ता होउन;किनकी यस संसारको रिती बितेर जान्छ।"*

->त्यो समय र भष्म गर्ने आगोको बिषयमा हामीले भबिष्यबाणी स्वरूप याकुब ५:१-४ मा पढ्न पाउछौ।

*"अब आओ,क हे धनवान मानिसहरुहो,तिमीहरुमाथि आइपर्ने आफ्ना विपत्तिहरुका निम्ती डाँको छोडि-छोडि रोओ!२ तिमीहरुको धनसम्पती सडेको छ,तिमिहरुका वस्त्रहरुमा किरा लागेकाछन। ३ तिमीहरुका सुन र चाँदी खियाले खाएको छ; अनि तिनको खिया नै तिमीहरुको विरोधमा साँच्ची बन्नेछ,र त्यसले आगोले झैं तिमीहरुको मासु खानेछ। तिमीहरुले अन्तिमा दिनहरुमा सम्पत्ति थुपरेकाछौ। ४ हेर, तिमीहरुका खेतबारिको बाली काट्ने खेतालाहरुको ज्याला कराउंदैछ,जुनचाहिँ तिमीहरुद्वारा छल गरेर राखिएको छ; अनि ति कटनी गर्नेहरुका दुहाइहरु सेनाहरुका परमप्रभुका कानहरुभित्र पसेकाछन।"*

यहाँ प्रेरित याकुबले त्यो आगोको बिषयमा भबिष्यबाणी गरेका छन, जुन धनी र गरीब बिचको द्वन्द्वमा धनीहरु माथि आइपर्नेछ।यो बिशाल द्वन्द्वलाई बाइबलमा आर्मागेड्डोन भनिएको छ (प्रकाश १६:१६ र योएल ३:१४) जुन ससांरभरी नै हुनेछ।हामीले यो आर्मागेड्डोनको बिषयमा आउदो पाठहरुमा बृस्तित बिबरण सहित अध्ययन गर्नेछौ।त्यो बेलाको समयको अवस्थालाई इजकिएल ७:१९ मा बर्णन गरिएको छ।

*"तिनीहरूले आफ्नो तिनीहरूकोचाँदीकोसडकहरूमा फ्याँक्नेछन्, अनि तिनीहरूको सुन अशुद्ध वस्तु हुनेछ; परमप्रभुको क्रोधको दिनमा तिनिहरुको चाँदी र तिनिहरुको सुनले तिनिहरुलाई छुटकारा दिन सक्नेछैनन;ति थोकहरुले तिनिहरुका प्राणहरुलाई सन्तुष्ट पार्नेछैनन,नता तिनिहरुका पेटहरु भर्नेछन;किनभने त्यो तिनीहरुको अधर्मका निम्ती एउटा ठेस लाग्ने कुरा भयो।"*

हेर्नुहोस्, कस्तो उदेक लाग्दो अवस्था।



त्यो समयलाई बस कल्पना गर्नुहोस।येशूले पनि यस बारे मत्ती २४:२१ मा बोल्नुभयो।

*"किनभने त्यस बेला यस्तो महासन्कष्ट हुनेछ,जस्तो सकंष्ट पृथ्वीको शुरुदेखी अहिलेसम्म भएको थिएन,न ता फेरी कहिलै हुनेछ।"*

हो, यस समयलाई महासकंष्टको दिनहरु भनिने छ।तर,त्यो बेला भाग्यवश सबै प्राणीहरु मर्ने छैनन, जसै हामी मत्ती २४:२२ मा पढ्न पाउछौ।

*"अनि ति दिनहरु नघटाइएका भए कुनै प्राणी बांच्ने थिएन; तर चुनिएकाहरुका निम्ती ति दिनहरु घटाइनेछ।"*

हो, त्यो सर्बनाश ल्याउने द्वन्द्व दिब्य शक्तिद्वारा बन्द गराइने छ जब सबै प्रणालीहरु नष्ट हुनेछन र मानिसहरु जो बाचेका हुनेछन, तिनीहरुले आफैलाई नम्र तुल्याउने छन। (जकरिया १४:१६)



यो महान क्रान्ती जुन ससांर भरी नै हुनेछ, त्यस्को सानो रूप सन १९९० ताका १८ औ शताब्दी तिर फ्रेन्च आन्दोलनमा पनि देखियो।जब यो अन्तर्राष्ट्रिय आन्दोलन अन्त्य भए पश्चात (जे लाई कालान्तरमा बिश्व क्रान्तीभनिने छ), लगत्तै नै दोश्रो बिश्वको अवशेषहरुमा इस्राएल राष्ट्रमा देखिने पर्मेश्वरको राज्यस्थापना हुनेछ अनि बाकी सबै राष्ट्रहरु त्यस्को भागेदार हुन चेष्टा गर्नेछन जसै हामी जकरिया ८:२२ मा पढ्न पाउछौ।

*"अँ धेरै जातिका मानिसहरुर बलिया जातिहरु यरुशलेममा सेनाहरुको परमप्रभुको खोजी गर्न र परमप्रभुको सामु विन्ती चढाउन आउनेछन।"*

हो,यो धेरै ख्रीष्टियानहरुको निम्ती अनौठो/अचम्मको कुरा हुनसक्छ जब भबिष्यमा येरुशलेममा सासांरिक राज्य स्थापना हुनेछ र बिश्वका बाकी राष्ट्रहरु त्यस्को भाग हुन खोज्नेछन।




तर, यही कुरा थुप्रै वचनहरुले बारम्बार बोल्दछन जसै हामी निम्न पदहरु पढ्दछौ। मत्ती ८:११

*"अनि म तिमीहरुलाई भन्दाछु,धेरैजाना पूर्व र पश्चिमबाट आउनेछन अनि अब्राहम,इसहाक,र याकुबसँग स्वर्गको राज्यमा बस्नेछन।"*

यस पदले पर्मेश्वरको बिश्वासयोग्य जनहरु बौरी उठाइएर ससांरको शिक्षक र शासकहरु हुने तथ्यबारे बोल्दछ जुन भजनसङ्ग्रह ४५:१६ को परिपुर्णता हो।

*"तपाईंका पितापुर्खाहरुको सट्टामा तपाईंका छोराहरु हुनेछन,जसलाई तपाईंले सारा पृथ्वीमा शासकहरु बनाउनु हुनेछ।"*

तिनीहरु येशू यस पृथ्वीमा मानबचोलामा आउनुभन्दा अगावै बिश्वासयोग्य पिताहरु थिए जो हरुले ख्रीष्टको मन्डली हुने अबसर कहिल्यै पाएनन।तर,येशुबाट तिनीहरुले पाउने इनाम भनेको येशु तिनीहरुको पिता हुनुहुनेछ।(यशैया ९:६) र तिनीहरु उहाँका सन्तानहरु हुनेछन र तिनीहरु मानबिय शासकहरु र पृथ्वीमा राजकुमारहरु तुल्याइनेछन।धेरैले यो तथ्य उदेकलाग्दो लाग्न सक्छ किनकि तिनीहरु अब्राहाम,दाउद,मोशा आदी ब्यक्तिहरु स्वर्गमा छन् भनि बिश्वास गर्छन।

->तर,हामी स्वर्गबाट नै झर्नुभएकोले दिनुभएको जानकारीलाई लियौ र ख्याल गरौ।

युहन्ना ३:१३

*"अनि स्वर्गमा कोही मानिस उक्लि गएकोछैन,केवल उनी,जो स्वर्गबाटओर्ली आएका छन्,अर्थात मानिसका पुत्र जो स्वर्गमा छन्।"*

यहाँ अति प्रष्ट छ।हो, तिनिहरु पर्मेश्वरको राज्यमा पृथ्वीका राजकुमारहरु हुन बौरी उठाइनेछन।यि सबै सन्दर्भहरुलाई बिबरण सहित हामी आउदो पाठहरुमा अध्ययन गर्नेछौ।ति प्राचिन मानिसहरु हाबिलदेखी शुरु भई बप्तिस्मा दिने युहुन्नासम्म हुन जोहरु पेन्तिकोसको दिन अगावै नै बिते।



तिनिहरु मध्य मोशा,दानियल,योसेफ, शामसोन,दाउद,नोहा सबै अगमवक्ताहरु पर्दछन।साच्चै,तिनिहरु पृथ्वीमा कति असल नेतृत्वहरु हुनेछन।अनि हामी फेरी त्यो समयको बिषयमा युहुन्ना ५:२८,२९ मा पढ्न पाउछौ।



*"यस कुरामा अचम्म नमान;किनभने त्यो घडी आइरहेको छ,जसमा चिहानभित्र रहेकाहरु सबैले उनको स्वर सुन्नेछन,२९ अनि भलो गर्नेहरु जीवनको बौरिउठाइका निम्ती र दुष्ट काम गर्नेहरु चाहिं दण्डको बौरिउठाइका निम्ती निस्की आउनेछन।"*


र फेरी दानियल १२:२ मा पनि

*"अनिपृथ्वीकोधूलोमा सुत्नेहरु मध्य धेरैजाना–कतिचाँहि अनन्त जीवनका निम्ति तर कतिचाँहि अनन्त शर्म र घृणाका निम्ति ब्यूँझनेछन्।"*



हो, त्यतीबेला मृतकहरु पनि जिबित तुल्याइने छन् जब, "ख्रीष्टमा सबै बचाइने छन" भन्ने बचन पुरा हुदछ।अनि हो, यो बिश्वको न्यायको दिनको समय पनि हुनेछ जसै हामी प्रेरित १७:३१ मा पढ्न पाउछौ।

*“किनभने उहाँले एउटा दिन ठहर्याऊनुभएको छ,जुन दिनमा उहाँ आफुले नियुक्त गर्नुभएको मानिसद्वारा धार्मिकतापुर्वक संसारको न्याय गर्नुहुनेछ:उहाँलाई मरेकाहरुबाट बौराएर उठाइकन उहाँले सबै मानिसहरुलाई यस कुराको प्रमाण दिनुभएको छ।”*



हो, अनि येशू अभिषिक्त न्यायकर्ता हुनुहुनेछ।झूटा शिक्षा र अन्धबिश्वाशका कारण धेरै जना यो न्यायको दिन देखि त्रसित हुँदछन्।हामीले यो दिनलाई बृस्तित रूपमा आउदो पाठहरुमा अध्ययन गर्ने ने छौ तर हामिले बचनमा यो पनि पढ्छौ कि त्यो धेरै आनन्दको दिन पनि हुनेछ जसै हामी भजनसङ्ग्रह ९८:८,९ मा पढ्न पाउछौ।

*“नदीहरुले ताली बजाउन्, पहाडहरु परमप्रभुको सामु एकसाथ रमाऊन्;९ किनकी उहाँ पृथ्वीको न्याय गर्न आउनुहुन्छ; उहाँले पृथ्वीको न्याय धार्मिकतामा र जाति-जातिका मानिसहरुको न्याय निष्पक्षतामा गर्नुहुनेछ।”*

हो, साकेंतिक भाषामा हामीले हेर्यौ कि कसरी त्यो न्यायको दिन आनन्दको दिन हुनेछ।यि सबै कुराहरु हुन आउने घटनाहरुले पर्मेश्वरको मानबजाती प्रति साच्चै कस्तो योजना रहेछ भन्ने कुरोको चुरोमा लिएरआउँदछ।यसको उत्तर हामी १ तिमोथी २:३,४ मा पढ्न पाउछौ।

*“किनभने यो कुरा परमेश्वर हाम्रा मुक्तिदाताको द्द्षटिमा असल र ग्रहणयोग्य छ;४ उहाँ सबै मानिसहरुले मुक्ती पाउन् र सत्यताको ज्ञानमा आउन भन्ने इच्छा गर्नुहुन्छ।”*

अनि यही कुरा हामी २ पत्रुस ३:९ मा पनि पढ्न पाउछौ।

*“कतिले ढिलाई सम्झेझै आफ्नो प्रतिज्ञाको बिषयमा प्रभु ढिलो गर्नुहुन्न, तर कोहि पनि नष्ट नहोस्,तर सबैले पश्चाताप गरून् भन्ने इच्छा राखेर उहाँ मानिसप्रती धीरज गर्नुहुन्छ।”*



यस्को अर्थ केहो त ? सबै मानिसहरुले मुक्ति पाउन भन्नुको अर्थ के हो त ? के सबै जना स्वर्गमा उचालिनेछन जुन आज मुक्ती भनेर धेरै ले बुझ्ने गर्दछन?हामीले अघिल्लो पाठहरुमा हेरी सक्यौ कि 'मुक्ति' शब्दको अर्थले मृत्युको पासोबाट छुटकारालाई बुझाउँदछ जब सबै मृतकहरुले बौरीउठाइद्वारा जिबन पाउने छन्।यो येशूको छुडौतीको बलिदानद्वारा प्राप्त भयो। (१ कोरिन्थी १५:२१,२२)

*"किनकी मनिसद्वारा मृत्यु आएको हुनाले मनिसद्वारा नै मरेकाहरुको बौरीउठाइ पनि आयो। २२ आदममा जम्मै मानिसहरू मरे त्यसरीनै ख्रीष्टमा सबै फेरि जीवित तुल्याइनेछन।"*

तसर्थ, 'सबै मानिसहरुले मुक्ति पाउने छन्' भन्नाले सबैजना पुनरुत्थानद्वारा मृत्युबाट बचाइनेछन्। र सबैजना पापबाट पखालिई सत्यताको ज्ञानमा आउनेछन् किनकि केबल सत्यले मात्र यो सम्भव छ जसै हामी युहुन्ना १७:१७ मा पढ्न पाउछौ।

*"तपाईंको सत्यद्वारा तिनीहरूलाई पबित्र पार्नुहोस्; तपाईंको वचन सत्य हो।"*

हो,सत्यताको प्रभावको अधिनमा आएपछि मात्र नै यो सुद्धीकरण र पापको मार्गहरुबाट अलग हुने कुरा सम्भव छ।अनि पृथ्वीमा पर्मेश्वरको त्योसत्यताको ब्यबस्थाहरुलाई हामी हबकुक २:१४ मा पढ्न पाउछौ।

*''किनभने जसरी पानीले समुन्द्रलाई ढाकेको हुन्छ,त्यसरीनै पृथ्वी परमप्रभुको महिमाको ज्ञानले भरपुर हुनेछ।''*



हो,सबै जना पर्मेश्वरको बचनको सत्यताको प्रष्ट ज्ञानद्वारा पापको अवस्थाबाट छुटकारा पाउने छन्।पर्मेश्वरको बचन प्रष्ट,साधारण र सबैले सजिलै बुझ्नसकिने हुनेछ।बाइबलमा मुक्तिलाई निम्न चित्र अनुसार बुझिन्छ।तर पर्मेश्वरले सबैलाई मुक्ती प्रदान गरेपनी,त्यतीबेला पनि केहि मानिसहरु हुनेछन जोहरुले त्यती बेला पनि धार्मिकतालाई रुचाउदैनन्,जसै हामी यशैया २६:१० मा पढ्न पाउछौ।




*"दुष्टलाई दया देखाइयोस् तापनी त्यसले धार्मिकता सिक्नेछैन;सिधा चाल चल्ने देशमा पनि त्यसले दुष्ट काम गर्नेछ र परमप्रभुको सर्बश्रेष्टता देख्नेछैन।*




तिनिहरु पर्मेश्वर र उहाको धार्मीकताप्रति स्वइच्छाले बिरोधीहरु हुनेछन्।तिनीहरुलाई अन्तिम दण्डको दोषी ठहराइने छ जसै हामी प्रकाश २१:८ मा पढ्न पाउछौ।

*"डराउनेहरु,विश्वास नगर्नेहरु,घिनलाग्दाहरु,हत्याराहरु,व्यभिचारीहरु,टुनामुना गर्नेहरु,र सबै झुट बोल्नेहरुको भागचाहिं आगो र गन्धकले जलिरहेको तालभित्र हुनेछ; यो दोस्रो मृत्यु हो।"*


यसको अर्थ के हो त?हामीले यो दन्कने कुण्ड र दोश्रो मृत्युको बारेमा आउदो पाठहरुमा अध्ययन गर्नेछौ।तब नै,मसीहको हजार बर्षको राज्यको अन्त्य हुनेछ।अनि,अन्त्यमा हामीले पृथ्वीको अवस्था बारे प्रकाश २१:४ मा पढ्न पाउछौ।

*"अनि परमेश्वरले उनीहरुका आँखाहरुबाट सबै आँशुहरु पुछिदिनु हुनेछ; अनि मृत्यु कहिलै हुनेछैन, न ता शोक,न रुवाइ,न पिडा नै कहिलै हुनेछ;किनकी पहिलेका कुराहरु बितिसकेका छन्।"*

हेर्नुहोस्,कस्तो प्रतिज्ञा,आउने स्वर्ग।हो,तसर्थ,तेश्रो बिश्वको पहिलो चरणको युग १००० बर्षद्वारा पुरा हुनेछ र 'आउने युग'हरुको कालखण्डमा प्रबेश गर्नेछ (एफिसी २:७)।अनि पहिलो र दोश्रो बिश्व जस्तो नभई तेश्रो बिश्वको कुनै अन्त नै हुने छैन।हो,यो पाठको अन्त चाँही आयो तर तेश्रो बिश्वको कुनै अन्त नै छैन।



"आमेन"


THE FLOOD
2nd month
Day 10
2nd month
Day 17
3rd month
Day 26
7th month
Day 17
10th month
Day 1
1st month
Day 1
2nd month
Day 27
Month
1
2
3
4
5
6
7
8
9
10
11
12
1
2
3
4
Gen 7:4,7
40
Days
Gen 7:12
150 Days
Gen 7:24
40
Days
11th month Day 11
11th month Day 18
11th month Day 25
12th month Day 2
Noah
entered Ark
Ark rested on
Mt. Ararat
Gen 8:4
Ground surface
Gen 8:13
Earth dry
Noah- 601
Gen 7:11
1 year + 10 days
Noah- 601
Gen 8:14
(In the 600th year of Noah's life (Gen. 7:11),
he was 599 years old.)
(In his 601st year, thefirst month and first day (Gen. 8:13),
he was not 601years old but just beginning his 601st year;
consequentlyup to that date he had lived 600 full years)